

# दोर्दी-१ जलविद्युत खबर

असोज २०७६, अंक ३४

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको Headworks निर्माण कार्यअन्तर्गत हाल Undersluice, Intake, Gravel trap, Approach canal को निमार्ण कार्य भईरहेको छ । River Structures को ५८% कार्य सम्पन्न भइसकेको छ भने Gravel trap, Approach canal, Desander निर्माण कार्यको प्रगति ७४.६५ प्रतिशत पुगेको छ ।

यस आयोजनाको विद्युतगृह र Penstock Line Civil Work को भौतिक निर्माण कार्य पनि 28.57% पुगेको छ । त्यसैगरी, Penstock Pipe को निर्माण कार्य पनि तीव्र गतिमा भइरहेको छ । बुटवलस्थित मेगा हाइड्रो एण्ड इन्जीनियरिङको फ्याक्ट्रीमा Penstock को ४०० मिटर पाइप रोलीङ भइसकेको छ भने तिन वटा बेन्ड Assembly भई र १५० मिटर Penstock Pipe आयोजना स्थलमा पुगिसकेको छ । हाल पेनस्टक पाइपको Bifurcation र Gate Leaf को निर्माण कार्य सकिएको छ र आयोजना क्षेत्रमा ढुवानी क्रममा रहेको छ ।




सुरुङ खन्ने कार्यको मासिक प्रगति ।



सुरुङ्गमा रक बोल्टको लागि ड्रिलिङको काम गरिदै ।

सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट 1016.6 मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट 783.0 मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी, आयोजनाले असोज मसान्त सम्म Inlet र Outlet तर्फ गरी कुल 1799.6 मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, कार्तिक मसान्त सम्ममा Inlet/Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई 1950 मिटर पुऱ्याउने लक्ष्यका साथ कार्य अघि बढिरहेको छ । कार्तिक महिनाको अन्त्यसम्म सुरुङ निर्माण को कार्यको प्रगति 58.12% भइसकेको छ ।

यस आयोजनाको Electromechanical कार्यको Contractor B. Fouress (P) Ltd. ले विद्युतगृहको आवश्यक Design कार्य सम्पन्न गरिसकेको छ । साथै, आयोजनाको टर्वाइन, जेनेरेटर, ट्रान्सफर्मर लगायत सम्पूर्ण Electromechanical समाग्रीको निर्माण भारतस्थित फ्याक्ट्रिहरुमा तिब्र गतिमा अघि बढिरहेको छ ।

आयोजनाको EOT निर्माण कार्य सकिई हाल उक्त समाग्री ढुवानीको क्रममा वीरगंज भन्सार आइपुगेको छ ।कार्तिक महिनाको मसान्त भित्र उक्त क्रेन आयोजनाक्षेत्रमा पुगिसक्नेछ । हाल विद्युतगृहको Beam र Pillar निर्माण कार्य अघि बढिरहेको छ । निकट भविष्यमा नै विद्युत गृहमा EOT Crane जडान गर्ने लक्ष्य कम्पनीको रहेको छ ।

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको ठेक्का प्राप्त गरेको कम्पनी ले प्रसारण लाइनको Survey र Geotechnical Investigation कार्य सकी Design कार्य अन्तिम चरणमा पुर्याएको छ । प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने जग्गाहरुको खरिद गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । टावरको फाउन्डेसन निर्माण कार्य आगामी मंसिर महिनावाट सुरु गर्ने लक्ष्य कम्पनीले राखेको छ ।



**सुरुङ्गमा सटक्रिटको कार्य गरिँदै ।**

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनको निर्माण कार्य पनि तीव्र गतिमा अघि बढिरहेको छ । यसका साथै प्रसारण लाइनका टावरहरुको निर्माणका लागि फाउन्डेसन निर्माण कार्य पनि नेपाल विद्युत प्राधिकरणले अघि बढाएको छ ।



**आयोजनाको इन्टेकको निमार्ण अघि बढाइँदै ।**



**आयोजनाको इन्टेक तथा वाँध क्षेत्रको एक झलक ।**


दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
DORDI KHOLA HYDROPOWER
ESTD. 2066

सम्पादक : कृतिका भट्ट
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नः ९७७ - ०१ ४२३२७५०
वेबसाइटः www.dordikhola.com.np